नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
माइक्रो बस (हायस) भाडामा लिनेसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
सिलबन्दी दरभाउपत्र सङ्ख्याः २।०७९।०८०

**गोरखापत्रमा सूचना प्रकाशित मिति :२०७९-०७-२५**

१. कर्मचारी कार्यालयमा ल्याउने र लैजाने प्रयोजनको लागि देहायबमोजिमको रुटमा कम्तिमा १५ सिट क्षमता भएको माइक्रो/बस सञ्चालनका लागि पाठ्यक्रम विकास केन्द्र दर्तावाला सेवा प्रदायकहरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गर्दछ ।

(क) रुट १ भक्तपुरको नलिन्चोक, सूर्यविनायक, सल्लाघारी, निकोसेरा, राधेराधे, गठ्ठाघर हुदै पाठ्यक्रम विकास केन्द्र, सानोठिमीसम्म ।

(ख) रुट २ कलङ्की, खसी बजार चोक, बालाजु, चक्रपथ, चावेल, काँडाघारी, पेप्सिकोला हुँदै पाठ्यक्रम विकास केन्द्र, सानोठिमीसम्म ।

२. सिलबन्दी दरभाउपत्र पेस गर्न इच्छुक र योग्य आपूर्तिकर्ताहरूले सिलबन्दी दरभाउपत्रसम्बन्धी थप जानकारीका लागि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर, मो.नं. ९८५१०९८३७० टेलिफोन ६६३५०४६, फ्याक्स ६६३०७९७ मा सम्पर्क राख्न सकिने छ ।

३ सम्बन्धित कम्पनी वटा ३ फर्मका नाममा कम्तिमा/कम्तिमा १५ सिट क्षमता भएका माइको/बसको स्वामित्व रहेको हुनुपर्ने वा त्यस्ता सवारी साधन धनीहरुसँग ०८० असार मसान्तसम्म यसै मापदण्ड बमोजिमका सवारी साधन भाडामा लिनेदिने गरी दुईपक्षिय संझौता भएको संझौतापत्रको प्रति र सोलाई पुष्ट्याई गर्ने कागजात दुवैपक्षका) नियमानुसार फर्म ,कर दर्ता ,नवीकरण ,कम्पनी दर्ता/ ,सवारी साधान दर्ता नवीकरण ,नवीकरण र चुक्ता विमा र प्रदुषण चेकजाँच लगायतसमेत पेश गर्नुपर्नेछ । ( यस प्रयोजनका लागि बढिमा १५ बर्ष भन्दा कम पुराना सवारी साधन हुनु पर्ने छ ।

४. योग्य आपूर्तिकर्ताहरूले मिति २०७९।०८।०९ को कार्यालय समय भित्रमा १,००० रुपियाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गरी सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्न सक्ने छन् ।

५. सिलबन्दी दरभाउपत्रहरु २०७९।०८।१० गते १२.०० बजे भित्र पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा दर्ता गर्नुपर्ने छ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका तथा नियमानुसार रित नपुगेका दरभाउपत्र अस्वीकृत गरिने र अग्रिम कारवाहीका लागि समावेश गरिने छैन ।

६. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७९।०८।१० गते दिनको २.०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा खोलिने छ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ४५ दिन २०७९/०९/२६ सम्म हुनु पर्ने छ । दरभाउपत्रको साथ रू. ३३०००/- (तेत्तीस हजार) बराबरको बोलपत्र जमानत अनिवार्य रूपमा पेस गर्नुपर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्यअवधिभन्दा कम्तीमा पनि ३० दिन बढी २०७९/१०/२६ सम्म हुनुपर्ने छ । यदि दरभाउपत्र दाताले नगद जमानत रकम राख्न चाहेमा को.ले.नि.का. भक्तपुरको नाममा नेपाल बैङ्क लिमिटेड, कमल विनायकमा रहेको धरौटी खाता नम्बर ka 2.3.0.2 Dharauti Khata No 01901000002003000001 मा त्यस्तो रकम जम्मा गर्न सकिने छ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्रको साथ पेस गर्नुपर्ने छ । कार्यालय कोडः ३५००२३३०१

७. यदि दरभाउपत्र खरिद गर्ने, पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साबिककै मितिदेखि गणना गरिने छ ।

८. कुनै वा सबै सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ ।

९. सेवा संचालन लागु हुने मिति र अन्य आवश्यक व्यवस्था र शर्त संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।